# व्यवसायिक फलफूल खेती गर्न ईच्छुक कृषकहरुलाई अनुदानमा फलफूल विरुवा र आवश्यक कृषि सामग्री वितरण कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

**प्रस्तावनाः** गुणस्तरीय बिरुवाको प्रयोग तथा आधुनिक बगैंचा व्यवस्थापनका विधिहरु अवलम्बन गरी फलफूलको उत्पादन र उत्पादकत्व वृद्दि गर्ने उद्देश्यले व्यवसायिक फलफूल खेती गर्न ईच्छुक कृषकहरुलाई अनुदानमा फलफूल विरुवा र आवश्यक कृषि सामाग्री वितरण कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

क) यस कार्यक्रममा कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

ख) कार्यक्रममा संलग्न हुने प्रत्येक कृषकले कम्तीमा ३ रोपनी क्षेत्रफलमा फलफूल खेती गर्नुपर्नेछ।

ग) फलफूल खेती गरिने स्थानको हावापानी, माटो प्रस्तावित फलफूलको लागि उपयुक्त हुनुपर्नेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहायका कार्यहरु मध्ये कुनै एक वा एक भन्दा बढी कार्यको लागि कुल लागतको बढीमा पचहत्तर प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(अ) बिरुवा खरिद।

(आ) बगैंचा व्यवस्थापनमा प्रयोग हुने सिकेचर, प्रुनिङ्ग स, आरी, ग्राफ्टिङ्ग नाइफ, स्प्रेयर लगायतका मेसिनरी औजार तथा उपकरण खरिद।

(इ) अन्य आवश्यक कृषि सामग्री खरिद र व्यवस्थापन।

(ख) अनुदानको अधिकतम सीमा प्रति रोपनी पाँच हजार रुपैंया हुनेछ।

**३. मूल्याङ्कनका आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १. | **सिंचाईको अवस्था** | १० |
| (क) | सिंचाई सुविधा भएको | १० |
| (ख) | सिंचाई सुविधा व्यवस्था गर्न सकिने | ५ |

| | | |
|---|---|---|
| **२.** | **बगैंचा स्थापना हुने क्षेत्रफल** | **२०** |
| (क) | कम्तीमा ३ रोपनी क्षेत्रफल लाई १० अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति २ रोपनी १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **३.** | **रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ वा ३ जना भन्दा बढी | १० |
| (ख) | ३ जना भन्दा कम | ५ |
| **४.** | **अनुदानको अवस्था** | **१०** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.ब.मा सोहि प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ७ |
| (ग) | पछिल्लो दुई आ.ब.मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको | ४ |
| **५.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (सम्बन्धित फलफूल खेतीको लागि भौगोलिक उपयुक्तता, नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **६०** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

## ५. प्रस्तावको ढाँचाः

### क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

### ख. सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कृषकको नाम | हाल फलफूल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

### ग. कुल अनुमानित उत्पादनः

### घ. सिँचाई व्यवस्थापन कसरी गर्नुहुन्छ?

### ङ. रोजगारी सिर्जनाः

### च. फलफूल खेती

खेती गरिने फलफूलको नामः

| क्र.सं. | फलफूलको जात | माग गरिएको बिरुवा संख्या |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | |

**छ. मेसिनरी औजार तथा उपकरण**

| नाम | स्पेसीफिकेशन | संख्या |
|---|---|---|
| | | |
| | | |

**ज. क्रियाकलाप विवरण**

| क.सं. | सञ्चालन हुने क्रियाकलाप | एकाई | दर | संख्या | कुल लागत | कार्यालयको अनुदान | अनुदानग्राहीको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | | | | | |

**झ. व्यवसायिक योजना सम्बन्धी प्रस्तावः**

- उत्पादन योजनाः
- बजार योजनाः
- नवीनतम सोचः
- दिगोपनाः

**ञ. अन्य विषय केही भए उल्लेख गर्नुहोस्।**